

• सन्दिप वि.क

## बढ्दो ई-बैंकिङ

# बदलिँदै विश्वास

नेपालमा हालसम्म बैंक तथा वित्त कम्पनीहरुले डेबिट, क्रेडिट र प्रिपेड कार्ड जारी गर्ने अनुमति राष्ट्र बैंकले दिएको छ । जसमा क्रेडिट कार्ड र प्रिपेड कार्ड भने वाणिज्य बैंकले मात्र जारी गर्न पाउँछ ।

६

कोभिड महामारीले आम नागरिकलाई 'डिजिटल बैंकिङ' तर्फ आकर्षित गरेको छ । विश्वभर कोरोनाको संक्रमण बढेसँगै आमजनमानसमा नगदको कारोबारबाट कोरोना भाइरस सर्छ भन्ने भय पनि बढेको देखिन्छ ।

कोभिड-१९ का कारण विश्वकै अर्थतन्त्र धरासायी बन्यो । जसका कारण विश्वको अर्थतन्त्र नै संकटको घडी पुग्न बाध्य भयो । पछिल्लो केही समय यता कोरोनाबिरुद्धको खोप आएपछि केही राहतको महसुस गरिएको छ । तर पनि केही देशलाई आफ्नो अर्थतन्त्र कसरी जोगाउने भन्ने चिन्ता अझै छ । केही देशको आर्थिकस्तर सुधारोन्मुख दिशातर्फ लागेको छ भने अधिकांश देशको आर्थिक अवस्था संकटकै स्थितिमा छ । विशेष गरी सबल भनिएका विश्वका देशहरुको अवस्था सोचेजस्तो हुन सकेको छैन । विश्वको अर्थतन्त्र संकटको अवस्थामा परिरहँदा यसको प्रत्यक्ष असर बैंक वित्तहरुमा पनि परेको छ । अन्य क्षेत्र जस्तै कोरोनाका कारण बैंकवित्तहरु पनि प्रभावित बने ।

कोरोनाको तेस्रो भेरियन्ट 'ओमिक्रोन' सम्म आइपुग्दा यसले नेपालसहित विश्वका बैंकवित्तमा नराम्रोसँग प्रभाव पारेको छ । नेपालकै सन्दर्भमा कुरा गर्दा कोभिड-१९ का कारण देशव्यापी निषेधाज्ञा जारी हुँदा आर्थिक गतिविधिहरु ठप्प भए । यसको प्रत्यक्ष असर बैंकवित्तमा पर्न गयो ।

निषेधाज्ञा खुलेपछि पनि आर्थिक गतिविधि पुरानै लयमा फर्किन लामो समय लाग्यो । व्यापार-व्यवसाय रोकिँदाको प्रत्यक्ष असर बैंकहरुमा पऱ्यो । नेपालजस्तो विकासोन्मुख देश मात्र नभई सबल भनिएका विश्वका देशहरुको बैंकिङ क्षेत्र पनि प्रभावित भए । बैंकिङ क्षेत्रलाई दैनिक भिडभाड हुने क्षेत्रका रुपमा लिने गरिन्छ । सेवाग्राहीको भिडभाड हुने र नियमित सेवा दिनैपर्ने भएकाले बैंकवित्तहरु पनि कोरोनाको उच्च जोखिम क्षेत्रमा पर्ने गरेको छ । नेपालमै विगतका दिनहरूलाई हेर्दा बैंकका कर्मचारीमा कोरोना संक्रमण देखिन थालेपछि बैंकिङ क्षेत्र 'कोरोना हटस्पट' बन्न पुग्यो ।




करिब ८० प्रतिशत कर्मचारी 'वर्क फ्रम होम'मा काम गरेको देखिन्छ । काठमाडौं उपत्यकाबाहिर र उपत्यका भित्र पनि बैंकका शाखा कार्यालयहरूका कर्मचारीहरु संक्रमित बन्न पुगे । जसका कारण बैंकका शाखा कार्यालय नै बन्द गर्नुपर्ने अवस्था थियो । कोरोनाको तेस्रो लहरसम्म आइपुग्दा धेरै कर्मचारी संक्रमित बन्न पुगे भने कतिले ज्यानै गुमाएको अवस्था छ । बैंक तथा वित्तीय क्षेत्रमा काम गर्ने कर्मचारी र उनीहरुको परिवार गरी पहिलो र दोस्रो लहरमा १९ हजारभन्दा बढी प्रभावित भएको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ । यसमा १४ हजार बढी बैंक वित्तका कर्मचारी संक्रमित भएका थिए भने एकाघर परिवार ६ हजार बढी संक्रमित भएका थिए ।

यस्तै तेस्रो लहरमा आइपुग्दा ६ हजार भन्दा बढी कर्मचारीहरु संक्रमित बन्न पुगेका छन् । पहिलो र दोस्रो लहरमा १ सय २६ भन्दा बढीको कोरोनाकै कारण ज्यान गएको थियो । जसमध्ये कर्मचारी २४ र परिवारको संख्या १ सय २ जना थिए ।

### कर्जा प्रवाह र निक्षेप संकलन

कोरोना महामारी नियन्त्रणका लागि जारी गरिएको निषेधाज्ञाकै कारण बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह र निक्षेप संकलन स्थिर रहन पुग्यो । लकडाउनका बेला आर्थिक गतिविधि ठप्प भएकाले बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह र निक्षेप संकलन पनि प्रभावित भयो । बैंकहरुले आलोपालोका आधारमा दैनिक २५ प्रतिशत शाखा मात्र सञ्चालनमा ल्याएका थिए । कोरोना तेस्रो लहरमा पनि बैंकका अधिकांश शाखाहरु बन्द हुन पुगे ।

– बाँकी पृष्ठ भ मा









समस्या र समाधान



• रोयल आचार्य

# बैंकिङ पत्रकारिताभित्र बेथिति

कतिपय अवस्थामा केही गलत मनसाय बोकेका सञ्चारमाध्यम र त्यहाँ कार्यरत सञ्चारकर्मीका कारण अफवाह फैलाउने काम पनि बेलाबखतमा भइरहेका पाइन्छ ।

पछिल्लो समय विधागत पत्रकारिताको विकासले फड्को मारेको छ । कुनै बेला समाचार भनेकै राजनीतिकमात्रै हुन्छन् भन्ने एक किसिमको मानसिकता अहिले फेरिएको छ । देशमा भएका विभिन्न चरणका राजनीतिक परिवर्तन पछि विधागत पत्रकारिताको निकै राम्रो विकास भएको पाइन्छ । २०४६ सालको जनआन्दोलन पछि राजनीतिक र समसामायिकबाहेक अन्य विधाहरुमा चल्ने कलमको संख्या निकै राम्रो बढ्यो । आर्थिक पत्रकारिताको कुरा गर्ने हो भने २०४६ सालको राजनीतिक परिवर्तनसँगै यसको विकास भएको पाइन्छ । तर त्यसपछि पनि सञ्चारमाध्यमहरुमा आर्थिक समाचारले पाउने स्थान भने कमजोर थियो । समयक्रमसँगै अब राजनीतिक होइन आर्थिक एजेण्डालाई स्थापित गराउनुपर्छ भनेर राजनीतिकर्मीहरु नै लागे । १० वर्षे माओवादी जनयुद्ध र त्यसपछि भएको २०६२/६३ को जनआन्दोलन पछि आर्थिक पत्रकारिताको विकास अझ धेरै राम्रो भयो ।

> सञ्चारमाध्यमहरु पनि मर्यादित हुने आचारसंहिता पालना गर्ने र बैंकिङ क्षेत्रले पनि राम्रो गर्ने, कमीकमजोरी देखाइदिने सञ्चारमाध्यमहरुलाई प्रोत्साहन गर्ने नीति लिने हो भने अहिले यी दुई क्षेत्रहरुबीच जुन सम्बन्ध छ, त्यो भन्दा थप प्रगाढ सम्बन्ध बन्ने छ ।

देशमा राजतन्त्र हटेर लोकतान्त्रिक गणतन्त्र स्थापना भएसँगै समृद्धिको बहस शुरु भयो । देशमा भएको राजनीतिक परिवर्तनको असर अन्य क्षेत्रहरुसँगै सञ्चार क्षेत्रमा पनि पर्ने नै भयो । आर्थिक समाचारलाई पत्रकारिताको एउटा विधाको रुपमा अगाडि बढाउने क्रममा विस्तारै आर्थिक भित्रका पनि विधाहरु जन्मिए । आर्थिक विधामा समाचार लेखिरहेका सञ्चारकर्मीहरुले समग्रह आर्थिक होइन, यसभित्रको 'स्पेसिफिक' बिट हुनुपर्छ भनेर अभ्यास शुरु गरियो । आर्थिक भित्रको बिटको रुपमा अहिले बैंकिङ, बिमा, शेयर बजार, पर्यटन कृषि लगायतका विधालाई लिइन्छ। यसरी आर्थिक भित्र पनि स्फेसिफिक बिटको विकास हुँदा धेरैले चासो दिएको बिट भने बैंकिङ बिट हो । यसकारण पछिल्लो समय बैंकिङ क्षेत्र र सञ्चारमाध्यमहरु धेरै नजिक छन् । यहाँ जोड्न खोजिएको मूख्य भनेको पनि बैंकिङ क्षेत्र र सञ्चार माध्यमबीचको सम्बन्ध हो । विधागत पत्रकारिताको विकास हुँदै जादा ठूला भनिएका सञ्चारमाध्यमहरुले सम्बन्धित विटमा पत्रकार राख्ने गरेका छन् । विधाका लागि छापा माध्यमहरुले पृष्ठ नै छुट्याउने गरेका छन् भने टेलिभिजनहरुले समेत समय नै छुट्याउने गरेका छन् । अहिले पनि हामीले राष्ट्रिय स्तरका टेलिभिजनहरुमा हेर्यौं भने प्रमुख समाचारको समयमा खेलकुद समाचार, आर्थिक समाचार, मौसम समाचार जस्ता विधाहरुका लागि अलग्गै समय छुट्याएको देख्न सक्छौं । सञ्चारमाध्यहरुले आर्थिक विधामा पनि बैंकिङ विधालाई विशेष प्राथमिकतामा राखेका छन् । अनलाइन पत्रकारिताको विकास भएपछि त झन यो विधाले निकै राम्रो स्पेश पाएको छ । पछिल्लो समय सञ्चार माध्यमहरु नै विधागत रुपमा स्थापना हुने क्रम बढ्दो छ । टेलिभिजनतर्फ कुरा गर्ने हो भने अहिले विजनेश प्लस टेलिभिजन, कृषि टेलिभिजन, बिजनेश टेलिभिज जस्ता टेलिभिजनहरुले आर्थिक विषयवस्तुका सामाग्रीहरुलाई विशेष प्राथमिकताका साथ प्रशारण गरिरहेका छन् । यहाँ प्रशारण हुने अन्तरवार्ता होस या अन्य बहसहरु हुन्, आर्थिक विषयले नै प्राथमिकता पाउँछन् । छापा माध्यमहरुमा कारोबार, अभियान जस्ता दैनिक पत्रिकाहरुले आर्थिकमा पनि बैंकिङ समाचारहरु विशेष प्राथमिकताका साथ छाप्छन् । यस्ता अन्य धेरै साप्ताहिक र मासिक पत्रिकाहरु पनि प्रकाशनमा रहेका छन् । अनलाइन सञ्चार माध्यमहरुमा झनै धेरै प्राथमिकतामा बैंकिङ समाचारहरु पर्छन । अनलाइन सञ्चारमाध्यहरु दर्ता हुने क्रम निरन्तर बढ्दै छ । आर्थिक वर्ष २०७५/०७६ मा ५५० वटा अनलाइन नयाँ दर्ता भएकोमा आर्थिक वर्ष ०७६/०७७ मा ५६१ नयाँ अनलाइन दर्ता भए । गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा दर्ता भएका अनलाइनहरुको संख्या पनि धेरै छ । सञ्चारक्षेत्रको नियामक निकायहरुको रुपमा रहेको प्रेस काउन्सिल नेपालको तथ्यांक अनुसार हालसम्म ३ हजार भन्दा धेरै दर्ता भएका अनलाइन सञ्चारमाध्यमहरु रहेका छन् । पछिल्लो समय सञ्चालनमा आएका अनलाइन सञ्चारमाध्यमहरुमा आर्थिक विधाका पनि थुप्रै छन् । धेरैले बैंकिङ समाचारहरुलाई ने विशेष प्राथमिकतामा राखेका हुन्छन् । राजनीतिक समाचार पोर्टलका रुपमा सञ्चालनमा आएका अनलाइनका भित्ताहरुमा पनि बैंकिङ समाचारहरुले उत्तिकै धेरै प्राथकिता पाएका हुन्छन् । बैंकिङ क्षेत्रका सकारात्मक विषयहरु बाहिर ल्याउनमात्रै होइन भएका कमीकमजोरीहरु सुधार्नका लागि पनि सञ्चारमाध्यमहरुले भूमिका खेलिरहेका छन् । सञ्चारमाध्यमहरुले बैंकिङ बारे सर्वसाधराणलाई बुझाउने, बैंकका गतिविधिबारे जनतासम्म सूचना समाचार पुर्याउने भूमिका खेलिरहेका छन् भने बैंकहरुले पनि सञ्चारमाध्यमहरुलाई 'व्यवसाय' दिएर निरन्तर प्रकाशन-प्रशारणमा सहयोग गरिरहेका छन् । बैंकले सञ्चारमाध्यम र सञ्चारमाध्यमले बैंकलाई एक आसपमा सहयोग गरिरहेका छन् । यसर्थ यी दुई क्षेत्रहरुबीचको सम्बन्ध नजिकको छ ।

बैंक र सञ्चार माध्यमको सम्बन्ध एकदमै राम्रो छ । यी दुई क्षेत्रहरुको एकको अर्कालाई आवश्यक अवश्य पर्छ । तर यसभित्रको केही पाटोहरु हेर्ने हो विकृत रुप छ । बैंकिङ क्षेत्र एउटा संवेदनशील क्षेत्र हो । बैंकको विषयमा अफवाह फैलिए त्यसको असर निकै नराम्रो पर्छ । कतिपय अवस्थामा केही गलत मनसाय बोकेका सञ्चारमाध्यम र त्यहाँ कार्यरत सञ्चारकर्मीका कारण अफवाह फैलाउने काम पनि बेलाबखतमा भइरहेका पाइन्छ । यो राम्रो र व्यवसायिक रुपमा सञ्चालन भइरहेका सञ्चारमाध्यमहरुमा नभएर गलत मनसायले सञ्चालनमा ल्याइएका अनलाइनहरुबाट हुने गरेको छ । बैंकबाट विज्ञापन पाइन्छ भन्ने मानसिकताका कारण अनलाइन दर्ता गराउने, सञ्चालनमा ल्याउने गरिएका पनि छन् । यसरी सञ्चालनमा ल्याएका अनलाइनहरु आफ्नो व्यवसायिक काममा ध्यान दिदैनन् । पत्रकारिताको पेशागत मर्यादा पालना नगर्ने, प्रेस कान्सिल नेपालले बनाएको पत्राकार आचारसंहिता विपरित समाचारहरु प्रकाशन प्रशारण गर्ने जस्ता विषयहरु अहिले समस्याको रुपमा देखिएका छन् । प्रेस काउन्सिल नेपालले सञ्चारमाध्यमहरु र पत्रकारहरुका लागि भन्दै आएका पत्रकारचारसंहिता सम्बन्धी विषयहरु अहिले यस्ता सञ्चारमाध्यमहरुले पालना गर्दैनन् । आफूलाई व्यवसाय दिए सम्बन्धित संस्थाको गुणगान गाएर समाचार बनाउने । अनि व्यवसाय नदिएको अवस्थामा भने सम्बन्धित संस्थाको नियोजित रुपमा बद्नाम गराउन मनपरी लेख्ने गरिएका उदाहरण पनि हामील देखेका छौं । यो अभ्यास धेरै जसो बैंकिङ क्षेत्रलाई नै टार्गेट गरेर हुने गरेको छ । आफ्नो संस्थाबारे नराम्रा समाचारहरु आएको अवस्थामा सम्बन्धित निकायमा – बाँकी पृष्ठ ७ मा




हार्दिक बधाई तथा शुभकामना
यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
मध्यान्ह
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
राम श्रेष्ठ
प्रवन्ध निर्देशक, तथा
हार्वेष्ट मुन ग्रुप
परिवार
गैरीधारा २, नक्साल, काठमाडौं, नेपाल, फोन: ४४१५५७४

मध्यान्ह
हार्दिक बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
नबराज के. सी.
अध्यक्ष
तथा
प्याराडाइज इण्टरनेशनल प्रा. लि.
परिवार
बखुण्डोल, ललितपुर, फोन: ५५३४०४२, ५५२२०६३

■ दीपेन्द्रबहादुर क्षेत्री, पूर्व गभर्नर



## भर्चुअल करेन्सी

# लोभले लाभ, लाभले विलाप !

भर्चुअल करेन्सी कारोबारले मुद्रास्फीति बढाउने र वित्तीय अस्थिरता समेत ल्याउनेछ । यसकारण यस्तो कारोबारमा सबैले सचेतना अपनाउनुको विकल्प छैन

> पछिल्लो समय कतिपय देशमा बिटक्वाइन जस्ता अन्य धेरै भर्चुअल मुद्रा आएका छन् । तर नियामक निकाय कतै नहुने र मनपरी कारोबार हुने गरेकाले जुनसुकै बेला आफ्नो पूँजी जोखिममा पर्नेछ ।

अहिले नेपालमा भर्चुअल करेन्सीको विषयमा निकै चर्को बहस भइरहेको छ । राष्ट्र बैंकले यो अवैध भएका र कारोबार नगर्न सझाव दिइरहेको छ । कतिपयले यो भर्चुअल करेन्सी के हो भन्ने जिज्ञासा समेत राखिराखेको पाइन्छ । भर्चुअल मुद्राको कुरा गर्दा सबैभन्दा पहिले बिटक्वाइनकै नाम आउछ । बिट क्वाइन विश्वको पुरानो भर्चुअल मुद्रा हो । यसको विषयमा विश्वको धेरै दशहरुमा चर्चा परिचर्चा भएका छन् । अहिले धेरै देशहरुले यसलाई वैधानिक भनेर कारोबार गर्न खुला गरेका छन् ।

एउटा छिमेकी मुलुक भारतमा यसबारे स्पष्ट नभनिए पनि अर्को छिमेकी मुलुक चीनमा यसले वैधानिकता पाएको छैन । भर्चुअल मुद्राहरु अन्य रहे पनि विटक्वाइनलाई चीनले मान्यता दिएको छैन । ल्याटिन अमेरिकी देश एल साल्भाडोरले सबैभन्दा पहिले बिटक्वाइन नामक भर्चुअल मुद्रालाई मान्यता दिएको थियो । अहिले नेपाल, चीन जस्ता दर्जनौं देशले अवैध भने पनि कतिपय देशहरुले भने यस्तो कारोबारलाई वैधानिक मान्छ ।

बिटक्वाइनको शुरुवात सन् २००९ मा भएको हो । बिटक्वाइन भनेको एउटा विकेन्द्रिकृत डिजिटल मुद्रा हो । यो रहस्यमय छ । यसको केवल भर्चुअलमात्रै कारोबार हुन्छ । डिजिटलमा पोख्त केही मान्छेहरुले यसलाई शुरुवात गरेका थिए । सिमित व्यक्तिहरुबाट शुरुवात गरिए पनि अहिले विश्वका धेरै देशहरुमा यसको प्रभाव पुगिसकेको छ ।

बिटक्वाइनलाई एउटा चर्चित र धेरैले मन पराएको भर्चुअल मुद्राको रप्मा चिनिन्छ । भौतिक रुपमा कुनै वस्तु नभए पनि यसलाई डिजिटल रुपमै कारोबार हुन्छ । विटक्वाइनको प्रयो विश्वभर बढ्द जादा लोकप्रिय पनि बनेको छ । धेरै नेपालीहरुले समेत यसको कारोबार गर्न थालेका छन् । धेरै जसो विदेशमा बस्ने नेपालीहरु यस्तो कारोबारमा जोडिएका छन् । पछिल्लो समय भने नेपालमै बस्ने मान्छेहरुको पनि निकै आकर्षण बढेको छ भन्ने सुन्नमा आउँछ ।



यसमा धेरै मान्छेहरुले कमाएका पनि होलान् । फेरि पैसा कमाएको भरमा यो राम्रो भन्ने कुरा हुँदैन । नेपालमा यो अवैध कारोबार हो । यसर्थ अवैध कारोबार गर्न हुँदैन । भर्चुअल मुद्राको कारोबार जुवाभन्दा पनि खतरनाक हो । यसमा अहिले धेरै सरकारी कर्मचारी पनि संलग्न रहेका छन् । भर्चुअल मुद्राको कारोबारले व्यक्तिलाई मात्रै होइन राज्यलाई समेत क्षति हुनसक्छ । यस्ता गतिविधिले पूँजी पलायन बढाउछ । वित्तीय अस्थिरता ल्याउछ । विशिष्ट तहमा काम गरेर अवकाश लिएकाहरुले समेत भर्चुअल मुद्राको कारोबारलाई राम्रो आम्दानीको स्रोत बनाएका छन् ।

कतिपय देशहरुले वैधानिकता भनेका कारण पनि सरकारी तहमा पुगेका ठूला कर्मचारीहरु र अध्ययनशील नेपालीहरु समेत लगानी गर्ने गरेका हुन् । तर यस्तो मुद्रालाई मान्यता दिनु सम्बन्धित व्यक्ति र मुलुककै अर्थतन्त्रका लागि घातक हुनसक्छ । बिटक्वाइनका विषयमा एक जना पूर्वसचिवले समेत मसँग परामर्श लिनु भएको थियो । मैले यही कुरा सुनाए ।

२००९ मा एक डलरबाट शुरु भएको बिटक्वाइनको कारोबार गत अक्टोबर महीनामा प्रति युनिट ६६ हजार डलर भन्दा बढी पुगेको थियो । बिटक्वाइनको मूल्य पछिल्ला केही दिनयता भने लगातार घटिरहेको छ । दुई दिन अगाडि प्रति युनिट ३७ हजार ३२० डलर अर्थात् ४४ लाख रुपैयाँमा झरेको देखिन्छ, अर्थात् अक्टोबर महीनामा किन्नेहरुले अहिले ठूलो रकम गुमाइसके । यद्यपि यसको घटबढ हुने क्रम भने चलिरहन्छ । कहिले घट्छ भने कहिले बढ्छ । बढेका बेला मान्छेहरुले राम्रै कमाउन सक्छन् । तर बुझ्नै पर्ने कुरा भनेको यो राम्रो होइन । यो त जुवा मात्रै होइन, घोर जुवा हो, यसले लोभले लाभ, लाभले विलापको अवस्था ल्याउँछ ।

पछिल्लो समय कतिपय देशमा बिटक्वाइन जस्ता अन्य धेरै भर्चुअल मुद्रा आएका छन् । तर नियामक निकाय कतै नहुने र मनपरी कारोबार हुने गरेकाले जुनसुकै बेला आफ्नो पूँजी जोखिममा पर्नेछ । यस्तो कारोबारले मुद्रास्फीति बढाउने र वित्तीय अस्थिरता समेत ल्याउनेछ । यसकारण यस्तो कारोबारमा सबैले सचेतना अपनाउनुको विकल्प छैन । पैसा कमाई हुन्छ भनेर जथाभावी लगानी गर्नु कसैका लागि पनि राम्रो कुरा होइन ।

*(कुराकानीमा आधारित)*












यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
मध्यान्ह

# हार्दिक शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी

## २० औं वर्षमा




प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

दलविर भण्डारी
अध्यक्ष
तथा
ADVANCED MANAGEMENT CONSULTANTS
एडभान्स म्यानेजमेन्ट कन्सल्टेन्ट प्रा. लि.
परिवार
सामाखुसी-२६, काठमाडौं, फोन: ४९६४२११

शम्शेर बहादुर गुरुङ
प्रबन्ध निर्देशक
तथा
ईमास्को नेपाल प्रा. लि.
परिवार
गोंगबु, सामाखुसी, काठमाडौं, फोन: ४३६२७०८

नगेन्द्र प्रसाद पोखेल (नविन)
प्रबन्ध निर्देशक
तथा
पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.
परिवार
टोखा-११, सामाखुसी, काठमाडौं, फोन: ४९८८७५४

ठलक विक्रम रायमाझी
प्रबन्ध निर्देशक
तथा
पिपुल एण्ड प्लेसेस प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, फोन: ४६५०५२२, ४६५०६२२

केन्द्र प्रसाद डाँगी
संचालक
तथा
जलजला रिक्रुटमेन्ट प्रा. लि.
परिवार
सामाखुसी-२९, काठमाडौं, फोन: ४३५०२५७, ४३५०९००

Growth Process Int'l Employment Pvt. Ltd.
ग्रोथ प्रोसेस इन्टरनेशनल इम्प्लाइमेन्ट प्रा. लि.
परिवार
बसुन्धारा-३, काठमाडौं, फोन: ४३८३३४७

जगत नारायण श्रेष्ठ
प्रबन्ध निर्देशक
तथा
AL-SAHELI MANPOWER PVT. LTD.
NEPAL GOVT. LIC. NO. 893/067/068
अल- सहेली म्यानपावर प्रा. लि.
परिवार
सामाखुसी-२६, काठमाडौं, फोन: ४३८७३७२, ४३८७७४०

मोहमद जवरदीन मिया (मुन्ना)
प्रबन्ध निर्देशक
तथा
अल-जाफर ईन्टरनेशनल प्रा. लि.
परिवार
सामाखुसी-२६, काठमाडौं, फोन: ४३९०२२२

होम प्रसाद तिमिल्सीना
संचालक
तथा
Lic. No. 470/060/061
Al SADEEL FOR RECRUITMENT (P) LTD.
अल सदील फर रिक्रुटमेन्ट प्रा.लि.
Foreign Employment Services
अल सदिल फर रिक्रुटमेन्ट प्रा. लि.
परिवार
बसुन्धारा-३, काठमाडौं, सम्पर्क नं.: ९८४४०६५१२९

प्रेम प्रसाद चौलागाँइ
संचालक
तथा
न्यू पाथिभरा प्लेसमेण्ट सर्भिसेज प्रा. लि.
परिवार
धापासी हाईट, काठमाडौं, फोन नं. ४३८७३९०

ठंक बहादुर राउत
संचालक
तथा
फेवा एच.आर. सोलुसनस् प्रा. लि.
परिवार
तिनकुने, काठमाडौं, फोन: ४३७४१४९

Easy Overseas
इजी ओभरसिज प्रा. लि.
परिवार
बसुन्धारा-३, काठमाडौं, फोन: ४०१६५३९

KANTIPUR OVERSEAS SERVICES PVT. LTD.
कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.
परिवार
सामाखुसी, काठमाडौं, फोन: ४३६०६१५, ४३६१९१६

Shalmani Overseas
शल्मानी ओभरसिज प्रा. लि.
परिवार
कोटेश्वर, काठमाडौं, फोन: ५१४७२२७, ५१४७२२८

इन्द्र बहादुर थापा
संचालक
तथा
FOCUS NEPAL OVERSEAS PVT. LTD.
फोकस नेपाल ओभरसिज प्रा.लि.
परिवार
सिनामंगल, काठमाडौं, फोन: ४४७९२९७, ४४८९०२८

ALHAYA H.R. SOLUTION PVT. LTD.
अल हाया एच.आर. सोलुसन प्रा.लि.
परिवार
शान्तिनगर, काठमाडौं, फोन: ४६२०२९५

चित्र बहादुर विशुंखे
संचालक
तथा
Sun Light Human Resources Pvt. Ltd. Kathmandu
सन लाईट ह्युमन रिर्सोस प्रा. लि.
परिवार
सामाखुसी-०३, काठमाडौं, फोन: ४३८४८३२

तारानाथ अर्याल
संचालक
तथा
ROYAL GANDAKI MANPOWER PVT. LTD.
रोयल गण्डकी म्यानपावर प्रा. लि.
परिवार
सामाखुसी-३, काठमाडौं, फोन: ४३८७८७१

कैलाश पाठक
प्रबन्ध निर्देशक
तथा
सिल्भर कर्नर इन्टरनेशनल प्रा. लि.
परिवार
एकता टोल, सिनामंगल-९, काठमाडौं, फोन: ४४८९९५०

केदारनाथ आचार्य
संचालक
तथा
इम्पावर ह्युमन रिसोर्सेज म्यानेजमेन्ट प्रा. लि.
परिवार
सिनामंगल, काठमाडौं, फोन: ४४८८२६५

# क्रिप्टोकरेन्सीको कहानी

■ सरिता वि.क

## नियमन कि निषेध ?

नेपाल राष्ट्र बैंकले क्रिप्टो करेन्सीलाई कानुनी मान्यता दिएको छैन । सन् २०१७ मा राष्ट्र बैंकले नियम जारी गर्दै यो गैरकानुनी भएको जनाएको थियो ।



छिमेकी देश भारतले आउँदो वर्ष आफ्नै क्रिप्टोकरेन्सी सार्वजनिक गर्ने घोषणा गरिरहँदा नेपालमा भने यसका कारोबारी धमाधम पक्राउ पर्न थालेका छन् । भारतीय वित्तमन्त्री निर्मला सीतारमणले नयाँ आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै डिजिटल मुद्रा सार्वजनिक गर्ने र त्यसको कारोबारबाट हुने आम्दानीमा ३० प्रतिशत कर लाग्ने घोषणा गरिसकेकी छन् ।

भारतको केन्द्रीय बैंक 'रिजर्भ बैंक अफ इन्डिया' ले आगामी वर्षभित्र डिजिटल मुद्रा निकाल्नेछ । योसँगै इन्टरनेट प्रयोगकर्ताको हिसाबले विश्वकै दोस्रो ठूलो देश भारतमा क्रिप्टोकरेन्सीको कानूनी मान्यता दिने प्रक्रिया अघि बढेको छ । यसका साथै भुर्चअल सम्पत्तिमा गरिने लगानीमा १ प्रतिशत कर कटौती गर्ने प्रस्ताव समेत पारित भएको छ । यसअघि भारत सरकारले अन्य क्रिप्टोकरेन्सीमाथि भने प्रतिबन्ध लगाएको थियो । अन्य क्रिप्टोरकेन्सीमाथि प्रतिबन्ध लगाएको सरकारले दक्षिण एसियामै पहिलो पटक आफ्नै क्रिप्टो सार्वजनिक गर्ने घोषणा गरिसकेको छ । छिमेकी देश भारतले क्रिप्टो सार्वजनिकको घोषणा गरिरहँदा नेपालमा किन वैधानिक नबनाउने भनेर बहसको विषय बन्न थालेको छ ।

> **"** सिंगापुरको क्रिप्टो पेमेन्ट गेटवे 'ट्रिपल ए' ले विश्वभर भएका क्रिप्टोकरेन्सी प्रयोगकर्ताहरूको विषयमा हालै नयाँ प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदन अनुसार, नेपालको कूल जनसंख्या मध्ये १.४५ प्रतिशतले क्रिप्टोकरेन्सीमा लगानी गरेका छन् ।

### ■ धमाधम पक्राउ

केहि समयअघि क्रिप्टोकरेन्सीको कारोबारमा परिवार नै संलग्न रहेको भन्दै प्रहरीले काठमाडौं कालेपुलबाट तीन जनालाई पक्राउ गरेको छ । कैलाली लम्कीचुवा-१० स्थायी घर भई हाल काठमाडौंको कालोपुलमा बस्ने दिनेश खड्काले दिदी भगवती, बुबा नरबहादुर खड्का र केटी साथी अनिता धितालसमेत मिलेर अवैध कारोबार गरेको र विद्युतीय माध्यमबाट पैसा नेपाल भित्र्याएको पाइएको जनाइएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतको राजश्व अनुसन्धान विभागले दायर गरेको मुद्दाअनुसार परिवार नै मिलेर अवैध क्रिप्टोकरेन्सीमा लगानी गरेको खुलेको थियो ।

उनीहरुले सामूहिकरूपमा मिलेमतो गरी इ स्केल र निवांश प्रयोग गरी विदेशी विनिमय अमेरिकी डलरसम्बन्धी कारोबार गरेको पाइएको विभागले जनाएको छ ।

विभिन्न मितिमा सामान्य व्यक्तिको बैंक खातामा अस्वाभाविक रूपमा पैसा भित्रिएपछि नेपाल राष्ट्र बैंकले सूक्ष्मरूपमा अनुसन्धान गरेको थियो ।

विवरणअनुसार दिनेशको नाममा रहेको ग्लोबल आइएमई बैंकको खातामा नौ करोड ७९ लाख ९८ हजार ५८१ रुपैयाँ, अनिता धितालको नाममा रहेको लक्ष्मी बैंकको खातामा पाँच करोड ७७ लाख छ हजार ८२६ रुपैयाँ, भगवती खड्काको नाममा रहेको एनआइसी एशिया बैंकमा २० करोड ४२ लाख ९४ हजार ५२६ रुपैयाँ र नरबहादुर खड्काको नाममा रहेको ग्लोबल आइएमबई बैंकको खातामा एक करोड ६४ लाख ११ हजार १०० रुपैयाँ बराबरको रकम भित्रिएको पाइएको छ ।

केन्द्रीय बैंकको सूचनाअनुसार प्रति अमेरिकी डलरको १२० रुपैयाँ ३४ पैसाको हिसाबले हुन आउने ३७ करोड ६४ लाख ११ हजार १०० बराबरको बिगो कायम गरी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको हो । विभागकाअनुसार आरोपी खड्कालाई बिगो जफत गरी तीन वर्ष बराबरको कैद सजायको माग गरिएको विभागले जनाएको छ ।

क्रिप्टोकरेन्सी कारोबार गरेको आरोपमा प्रहरीले काठमाडौँको न्यूरोडस्थित गुच्चाटोलबाट एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिन्धुपाल्चोकको सुनकोसी गाउँपालिका घर भई भक्तपुरमा बस्दै आएका रवीन्द्र अधिकारी भनिने चन्द्रमणि अधिकारी छन् ।

३० वर्षीय अधिकारीलाई माघ १६ मा पक्राउ गरिएको महानगरीय प्रहरी कार्यालयले जनाएको छ । आरोपीलाई थप अनुसन्धान र कानुनी कारबाहीका लागी महानगरीय प्रहरी परिसरको जिम्मा लगाइएको छ । उनले १ करोड ४८ लाख ४४ हजार डिजिटल मुद्रा 'क्रिप्टोकरेन्सी'को कारोबार गरेको देखिएको प्रहरीले जनाएको छ । आरोपीले प्रयोग गरेको मोबाइलबाट १३ लाख रुपैयाँ नेपाली मुद्रा बराबरको डिजिटल मुद्रा मौज्दात देखिएको छ ।

### ■ बढ्दो कारोबार

हालै सार्वजनिक एक प्रतिवेदन अनुसार लाखौं नेपालीले यस्तो अभौतिक मुद्रा 'क्रिप्टोकरेन्सी' कारोबार गरिरहेको पाइएको छ । सिंगापुरको क्रिप्टो पेमेन्ट गेटवे 'ट्रिपल ए' ले विश्वभर भएका क्रिप्टोकरेन्सी प्रयोगकर्ताहरूको विषयमा हालै नयाँ प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदन अनुसार, नेपालको कूल जनसंख्या मध्ये १.४५ प्रतिशतले क्रिप्टोकरेन्सीमा लगानी गरेका छन् । यसको अर्थ हो, नेपालमा पनि क्रिप्टोकरेन्सीमा लगानी गर्नेहरूको संख्या करिब चार लाख २४ हजार छ ।


भारतमा भने विश्वमा सबैभन्दा बढी क्रिप्टो प्रयोगकर्ता भएको देश रहेको सो प्रतिवेदनमा उल्लेख गरेको छ । भारतमा करिब १० करोड क्रिप्टोकरेन्सी प्रयोगकर्ता छन् ।

त्यस्तै दोस्रोमा अमेरिकाका दुई करोड ७० लाख, तेस्रोमा नाइजेरियाका एक करोड ३० लाख, चौथौमा भियतनामका ५९ लाख र पाँचौंमा बेलायतका ३३ लाख प्रयोगकर्ता रहेका छन् । केही देशका प्रतिबन्ध हुँदा विश्वभर क्रिप्टोकरेन्सीमा लगानी गर्नेहरूको संख्या ३० करोड नाघेको छ । प्रतिवेदन अनुसार सबैभन्दा बढी क्रिप्टोकरेन्सी प्रयोगकर्ताको संख्या एसिया महादेशमा रहेको छ ।

– बाँकी पृष्ठ ७ मा







## इतिहासको आलोक



● डा. उद्धव पुरी

# नेपालको इतिहास विश्लेषण र राजनीति

**नेपालमा भएका अधिकांश आन्दोलन र परिवर्तनहरु पूर्ण गति लिन नपाउदै सम्झौतामा सकिएका छन् र हामी पूर्ण परिवर्तन बिहीन बनिरहेका छौं ।**






नेपालको इतिहास बिगत लामो समयदेखि सत्तापक्षीय र स्तुतिगानमा अत्याधिक रहेको र केही बिदेशीहरुले भने तत्कालीन समयमा उनीहरुको स्वर्थपूर्ण अध्ययनमा केन्द्रीत भएर लेखेको पाइन्छ । नेपाली अध्ययनकर्ताहरुले तिनैलाई आधार मानी तिनको सामान्य पमार्जन र अनुवाद गरेकोमात्र धेरै भेटिन्छ । इतिहासको लेखन र अध्ययनको परम्परामा हाम्रा इतिहासकारहरु इतिहासको सैद्धान्तिक लेखन विधिमा लागेर कलम चलाउने भन्दा पनि समय र परिस्थितिबाट आफू कसरी विविध विषयमा स्थापित हुन सकिन्छ भन्ने त्यसतर्फ बढी लालाइत भएको नै बढी देखिन्छ । यसले गर्दा नेपालको इतिहास भनेकै उपत्यकाको इतिहासमा सिमित रहन पुग्यो भने क्षेत्रगत र बिभिन्न राज्य रजौटाहरुको इतिहास अझै अध्ययन र अनुसन्धानको विषय बनिरहेको छ । त्यसोत राज्यबाट वा विश्वविद्यालयहरुबाट यस क्षेत्रमा कुनै चासो र लगानी पनि भएको पाइदैन । निजीगत स्रोत र साधान त्यसका लागि प्रयाप्त र अवसर युक्त छैनन । केही व्यक्ति विशेष यस तर्फ बिगतदेखिनै लागे पनि उनीहरुका लागि उपयुक्त हौसला एवम् प्रेरणा खासै नभएको र स्रोत तथा साधनका कमीले ती कुराहरु प्रकाशनमा नआउदै नष्ट भएको पनि अनेकौं प्रमाणहरु छन् । केही इतिहासकार भनेर भाउ पाएकाहरु पनि जातिगत र समय परिस्थिति अनुकूल भन्दा माथि उठेर अडान लिन सकिरहेको देखिदैनन् । राजनैतिक विषयमात्र इतिहास ठान्ने हाम्रो परम्परा बसाइएको छ । केहीले यस विषयमा आफूलाई फरक रुपमा उभ्याउन खेज्दा मान्यता बिहीन बनी एकल बन्नपर्ने अवस्थामा खासै सुधार भएको देखिदैन र उनीहरु अभावमा अलमलिन बाध्य छन् । त्यसैले हामीले अध्ययन र अध्यापन गरेको अधिकांश इतिहास तथ्यपरक छैनन्, तार्किक छैनन्, विश्लेषणात्मक छैनन् र पूर्ण पनि छैनन् । प्राप्त इतिहासलाई नै पनि हामी सोविवेकले मनन गरी ब्याख्या गर्न हिचकिचाउदछौं । जुन परम्परा हामीले आजको सन्दर्भमा परिवर्तन गर्न जरुरी छ । हामी यस सन्दर्भमा यतिसम्म पर पुगिसकेका छौं कि हामी आफ्नो देशको इतिहास, धर्म र संस्कृतिका कुरा गर्दैनौ र आफ्ना सन्तानहरुलाई त्यस विषयमा सुनाउने, सिकाउने र अध्ययन गराउनु औचित्यनै ठान्दैनौं । हरेक विषयको इतिहास हुन्छ र त्यो इतिहासको विषयमा जोडिन्छ भन्ने पनि हामी मानिरहेका छैनौ । संसारका कुनै पनि देश विकसित र उन्नत बन्न यो सबैभन्दा ठूलो बाधक हो । वास्तवमा देशको र विदेशको इतिहासले नै वर्तमानको खाका बनाउन सक्षम बनाउछ । हामीलाई स्वभिमानी बन्न नदिन केही विदेशी शक्तिहरुले पनि बिभिन्न माध्यमबाट यसमा भूमिका निर्वाह गरिरहेका छन् । हाम्रा देशका राजनैतिक नेतृत्वहरु जानेर वा नजानेर प्राय निशब्दनै छन् । सत्तामा पुगेपछि अझ धेरैले त बोल्न आट पनि गरेको देखिदैन जुन कुरा सत्ता बाहिर रहदा बोल्दथे । बुझ्नु पर्ने कुरा के हो भने मानिससँग जोडिएका सबै बिगत ऐतिहासिक कुरा बन्दछन् र त्यो एक दिन इतिहास बनेर बाहिर आउदछ । जसले हामीले हिजो स्वीकारको कुरा आज अर्थहीन पनि बनाउन सक्दछ र परिमार्जन युक्त पनि बनाउन पर्ने सिकाउदछ । हामीले बिभूति मानेकाहरु त्यसो नहुन पनि सक्दछन् वा राजनेता नबन्न सक्दछन् । हाम्रो नीति र लक्ष भोलिका लागि वा विद्यमान परिस्थितिका लागि गलत र पूर्ण उपयोगी नभएको हुनसक्दछ । त्यसैले विगत, वर्तमान र भविष्यसँग इतिहास जोडिएकै हुन्छ र इतिहास मेटाएर वा त्यसबाट पाठ वा शिक्षा नलिने हामीमा देखिएको प्रबृति निसन्देह आफै परिचय बिहीन बन्दै जानु हो । यो सर्वसाधारणका लागि ज्ञानको विषय हो भने नेपाली बौद्धिकवर्ग र राजनेताहरुका लागि चुनौती हो ।

नेपालको राजनैतिक इतिहासका केही पक्षहरु अहिले संक्रमण अवस्थामा मडारिरहेको देखिन्छ । हामी धेरै पर नपुगेर हेर्दा पृथ्वी नारायण शाह, भीमसेन थापा, जंगबहादुर राणा, राजा महेन्द्रका विषयमा नेपाल एकीकरण र राष्ट्रियताका पक्षलाई लिएर फरक फरक धारणा बनाउन थालेका छौं । यसलाई जाच्ने कसी राष्ट्र, राष्ट्रियता र अस्थित्वको लडाईको मूल विषय बनाइनु नै पर्छ । हामीले स्वीकार्नु पनि पर्छ कि एकै व्यक्ति वा कुनै कामले सकारात्मक र नकारात्मक दुबै पक्षलाई उजागर पनि गर्न सक्दछ । सबै सोह्रै आना सही र उत्तिनै गलत हुन्छ भन्ने हुदैन । अधिकांश नेपाली इतिहासकारहरु यही चुकेका छन् र क्षमता भएर पनि सत्ता र शक्तिको डर वा आशमा । इतिहासकारहरुका मसी सधै रक्त हुनुपर्छ । मेरो लामो समयदेखिको पत्रकारिता अनि इतिहास, धर्म, संस्कृतिको अध्ययन, अनुसन्धान र अध्यापनका अनुभवले मैले भिन्न धारणा पनि बनाउदै आए । जुन म बिद्यार्थी हुदा मेरा शिक्षकहरुले त्यसो भन्न र लेख्नु राम्रो हुन्न भनेर पनि सम्झाए । म मा त्यो परिवर्तन आएन । बिगत केही समयदेखि केही बिद्धान वर्गले त्यही सोचमा इतिहासको विश्लेषण गर्न थाले केही हदसम्म त्यसलाई लेखनमा पनि ल्याउन थाले र म गलत रहिनछु भन्ने लाग्यो ।

आधुनिक नेपालको नामसँग पृथ्वी नारायण शाहको नाम नजोडे सनातनदेखिको आफ्नो पहिचानमा उभिएर कतै थुक्ने र गालि गर्ने भूमी नै हुदैन थियो । नेपालको एकीकरण वा गोर्खाको बिस्तार अब यो बिबादको विषय हैन । उनले पूर्ववत नेपालको ठूलो स्वरुपलाई बिभाजित अवस्थामा पून परिमार्जित रुप दिलाए । त्यसलाई पूर्ण गर्न पछिसम्म केहीको योगदान रह्यो । पुनः नेपाल बन्यो र हामी नेपाली बन्यौं । पृथ्वी नारायण शाहको तागत, अन्तराष्ट्रिय विश्लेषण, कूटनीति, आर्थिक, सामाजिक र सांस्कृतिक नीति त्यस कार्यको लागि सक्षम र विश्लेषण युक्त मान्नु पर्छ । यस समयमा कुनै पराजित राजा, तिनका परिवार र शक्तिधारीहरु विदेशीनु वा शरनार्थी बन्नु परेन । हामी गोर्खा र गोर्खाली पनि बनेनौं । गोर्खा र गोर्खाली विदेशीका लागि शक्ति र बहादुरीको पहिचानमामात्र रह्यो । जुन गलत त हुदै होइन । विश्वका धेरै देशहरु त्यसपछिमात्र एकीकरण भएका हुन् । विश्वका चर्चित राजनेता नेपोलियनहरु ज्स्ताको नीति पनि उनी पछिकै हुन् । जहाँ अहिलेसम्म पनि धार्मिक, सांस्कृतिक तथा आर्थिक असमानता र थिचोमिचो छ । हार्ने र जित्ने बीच महानता र हिनताबोध छ । हामी त्यसबाट मुक्त थियौं । भूमीकै बिखण्डनको लक्ष लिने र राजनैतिक स्वर्थमा राजनीति साध्नेहरु एउटा निश्चित अवस्थामा पुगेपछि अहिले बिचलनमा छन् । यो वास्तविक बुझाई हो ।

इतिहास अध्ययनको विषय हो र त्यसको विश्लेषण गरी तर्क गर्न पाउनु पर्छ । जुन अनुसन्धानकर्ताकालागि थप अनुसन्धानको दायरा बन्छ । त्यसैले इतिहासको लेखन कहिल्यै पूर्ण हुदैन भन्ने पनि ठानिन्छ । मलै भीमसेन थापालाई राष्ट्रिय बिभूति भनी पढ्न र मान्न कहिल्यै सकिन । तत्कालीन नेपालको दरबार भित्रको अवस्था, भारदारहरुका कुराजनीति र विश्व इतिहासमा अंग्रेजको भूमिका एवम् लक्षलाई हेर्दा यो पूर्णत मिथ्या लाग्यो । भीमसेन थापाको अंग्रेजसँगको लडाई नेपालको एकतिहाई भूमि गमाउनुमात्र रहेको देखिन्छ र उनले सोचेभन्दा उल्टो सत्ता पनि जोगिन सकेन । उनीजति अपमानित भएर कमैले मर्नु परेको छ । हामीले उठाउन नसकेको अर्को विषय, नेपालले त्यसबेला बिना हैसियत अग्रेजसँग जोरी खोजेका थियौं । सूर्यास्थ नहुने बेलायत त्यसबेला ठूला र पुराना लडाईहरु सकाएर तिखारिएर बसेको थियो । त्यसबेला हालको भारत थिएन । भारतको वास्तविक निमार्ण सन् १९४७ पछि भएको हो । अंग्रेज भारतीय उपनिवेशबाट हट्दा हामीले हारेको हाम्रो भूमि लिन चुक्यौ, उसले दिएन वा अंग्रेजले हामीसँग जयप्रकास मल्लको समयदेखिको रीस साधेको हो त्यो अन्तरार्ष्ट्रिय बिषय र मुद्दा बन्न सक्छ । किनभने अंग्रेजले आफ्नो व्यापारिक र सुरक्षात्मक

– बाँकी पृष्ठ भ मा

> ६ भारतीय सहयोगमा राजा, राणा र नेपाली काँग्रेसको सम्झौता र नेपालको प्रजातन्त्र स्थापनाका धेरै कमजोर पक्षहरु छन् । नेपालको राजनीति र दरबारमा भारतीयकर्मचारी र सहयोगीहरु खुलेयाम थिए ।








■ राजेन्द्र प्रजापति

# उपेक्षित अनुभूति

# उल्टो यात्रा

नागरिकको सुशासन, समृद्धि र सुविधाको चाहना भन्दा सत्ताको स्वाद सर्वोपरी मान्दै सिंहदरबार बलियो बनाउनेमा नेतृत्वको प्राथमिकता देखियो । यसले नागरिकलाई कमजोर बनाउने र शासक मोटाउने पुरानै संरचनामा अडिने नेताहरुको मनोविज्ञान लुकेन ।

> पुरानै शासकीय संरचना (प्रमुख जिल्ला अधिकारी) को शासन स्थापित हुनेगरी कानूनहरु बनाइए भने संकटका बेला उनीहरुलाई नै अधिकार सम्पन्न बनाइयो । कतिसम्म भने जनप्रतिनिधिहरुले नागरिकको जीवनरक्षाका निम्ति आवश्यक काम समेत प्रमुख जिल्ला अधिकारीको अनुमति बिना गर्न नसकिने व्यवस्था गरियो ।

नेपालको संविधान-२०७२ महत्वपूर्ण अन्तर्वस्तु हो- संघीयता, गणतन्त्र, धर्म निरेपक्षता र समानुपातिक समावेशी व्यवस्था । २०६२/०६३ सालको जनक्रान्तिले राजतन्त्रको अन्त्य गर्ने आधार तयार पाऱ्यो । पुनर्स्थापित व्यवस्थापिका संसदको सर्वदलीय अन्तरिम सरकारले गराएको संविधानसभा चुनावलगत्तै राजतन्त्रको अन्त्य भयो । अन्तरिम प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वकाले सरकारले गराएको चुनावमा नेकपा माओवादी सवैभन्दा ठूलो दल बन्यो ।

नेपाली काँग्रेस, नेकपा एमाले लगायत शक्तिहरु खुम्चिए पनि निर्णायक रह्यो । तर गणतन्त्र स्थापनामा राप्रपा बाहेक सवै दल एकैठाउँ उभिए । २०६५ जेठ १५ को मध्यरात गणतन्त्रको घोषणा भयो । त्यसैरात संघीय राज्य घोषणा भयो । धर्म निरपेक्षता, समावेशी समानुपातिक व्यवस्थालाई अन्तरिम संविधानको प्रस्तावनामा उल्लेख गरिएको थियो ।

तर पहिलो संविधानसभाले संविधान बनाउन सकेन । २०६९ मा तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले संविधानसभा विघटन गरे । २०७० मा दोस्रो संविधानसभा गठन भयो । यसपटक काँग्रेस र एमाले हाराहारीको ठूलो शक्ति बन्यो । माओवादी तेस्रो दलमा खुम्चियो । यसपटक मधेश केन्द्रीत शक्तिहरू पनि सानो दलमा खुम्चिए ।

२०७२ मा सम्झौताको दस्तावेजका रुपमा संविधान जारी भयो । २०७२ मा जारी संविधानले गणतन्त्र, धर्म निरपेक्षता, संघीयता, समानुपातिक समावेशीता लगायत सुनिश्चित भयो । दुई वर्षपछि २०७४ मा सम्पन्न स्थानीय तहको चुनावले गरेको व्यवस्था अनुसार, स्थानीय सरकार बन्यो । समावेशी प्रावधानअनुसार, समावेशी नेतृत्व निर्वाचित भए । नेपालको इतिहासमा पहिलोपटक प्रदेश सरकार बन्यो ।



प्रदेश सरकार मुलुक संघीय संरचनामा गएको बलियो आधार हो । तर राजनीतिक कोर्स बरालिन पुग्दा प्रदेश सरकार स्थीर हुन सकेन । राजनीतिक शक्ति संघर्षकै कारण प्रदेश-१ ले नाम समेत राख्न सकेको छैन । बाँकी प्रदेशहरुले भने नाम र स्थायी राजधानी टुंग्यायो । मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सूदुरपश्चिम सरकारले पनि राजनीतिक स्थीरता पाउन सकेन ।

प्रदेश-१ र बागमतीमा तीन/तीन वटा सरकार बदलियो । प्रदेश-१ र बागमतीमा एमालेका दुई/दुई जना र नेकपा एकीकृत समाजवादीका एक/एक जना मुख्यमन्त्री बने । मधेश र सूदुरपश्चिम प्रदेशका मुख्यमन्त्री चाहिँ फेरिएका छैनन् । तर ती प्रदेशहरुको मन्त्रिपरिषद् स्थीर हुन सकेन । नेकपा माओवादी केन्द्रका ९, नेकपा एमालेका ६ र जनमार्चोका एक प्रदेश सांसद पदमुक्त भए ।

– बाँकी पृष्ठ ७ मा









## बदलिंदै ....

### विश्वका बैंकवित्तलाई हेर्दा

दक्षिण छिमेकी देश भारतलाई हेर्दा खराब कर्जाकै कारण तीन ठूला बैंकहरू संकटग्रस्त बन्न पुगे । भारतमा व्यापारलाई शुरुमा कोभिड-१९ ले थला पार्‍यो । जसको असर बैंकवित्तमा पर्न गयो । अर्को कोरोनाको उद्गमस्थल चीनमा पनि कोभिडपछि अर्थतन्त्र धेरै नै सुस्तायो । चुलिंदो ऊर्जा र विभिन्न औद्योगिक समस्याका कारण विश्वको दोस्रो ठूलो अर्थतन्त्र समस्याग्रस्त बन्यो । जसको प्रत्यक्ष असर बैंकवित्तमा नै पर्न गएको देखिन्छ । विश्वको सबैभन्दा बढी शक्तिशाली देशको रुपमा चिनिएको अमेरिकामा पनि कोभिडले नराम्रोसँग असर गरेको छ । कोभिडकै कारण बैंक अफ अमेरिकाको नाफा ३५ प्रतिशतले घटेको देखिन्छ । बैंकका ठूला ऋणीहरु को भिडकै कारण अर्बौं रुपैयाँ गुमाएका छन् ।

यस्तै यूरोपका देशहरुमा कोरोनाका कारण यसको प्रभाव बैंकहरुमा पर्न गएको देखिन्छ । कोरोनाले यूरोपका देशहरुमा आर्थिक संकट उत्पन्न भयो । जसका कारण यसको असर बैंकवित्तसम्म पर्न गयो । कोभिडका कारण यूरोपियन देशहरु बेलायत, अमेरिका जस्ता शक्तिशाली देशहरु पनि लकडाउन गर्न बाध्य भए । जसले गर्दा त्यहाँको अर्थतन्त्रमा प्रत्यक्ष असर पर्न गएको देखिन्छ । कोभिडले युरोपेली बैंकहरूमा चुनौतीहरू पनि खडा गर्‍यो । यस्तै कोरोनाकै कारण अफ्रिकी देशहरुको आर्थिक गतिविधिमा पनि नराम्रोसँग प्रभावित बन्न पुग्यो । जसको प्रत्यक्ष असर बैंकवित्तमा पर्न गएको देखिन्छ । महामारीले अफ्रिकाको आर्थिक दृष्टिकोणलाई आमूलरूपमा परिवर्तन गरेको छ । कोभिडका कारण यहाँको आर्थिक वृद्धिदर नकारात्मक रहेको छ भने प्रतिव्यक्ति आयमा पनि गिरावट आएको छ । द्वन्द्वबाट पिल्सिएको अफगानिस्तानको बैंक वित्तहरुको अवस्था भने विगतमा खासै राम्रो रहन सकेन । त्यसमाथि कोभिड र विद्रोहीसमूह तालिबानले अफगानिस्तान कब्जा गरेपछि झन् यहाँको अर्थतन्त्र गहिरो संकटमा पुगेको छ ।

यहाँका बैंकहरुमा खराब कर्जा बढेको छ । यहाँका बैंकहरुले अघिल्लो त्रैमासिकमा छुट्याएको केही पैसा प्रतिद्वन्द्वीहरूलाई दिन बाध्य भए । संयुक्त राष्ट्र विकास कार्यक्रमले जारी गरेको प्रतिवेदनमा समेत अफगानिस्तानको बैंकिङ प्रणाली गहिरो संकटमा परेको देखिन्छ ।

### कोरोनाले सिकायो 'डिजिटल बैंकिङ'

कोभिड महामारीले आम नागरिकलाई 'डिजिटल बैंकिङ'तर्फ आकर्षित गरेको छ । विश्वभर कोरोनाको संक्रमण बढेसँगै आमजनमानसमा नगदको कारोबारबाट कोरोना भाइसर सर्छ भन्ने भय पनि बढेको देखिन्छ । विशेष गरी लकडाउनका कारण नेपाल डिजिटल बैंकिङ कारोबार बढेको देखिन्छ । कोरोनाको संक्रमण शुरु भएपछि पुराना बैंकका ग्राहकसँगै डिजिटल बैंकिङ प्रयोगको लागिमात्र भएपनि बैंकमा खाता खोली डिजिटल बैंकिङ कारोबार गर्ने प्रयोगकर्ता थपिए ।

केन्द्रीय बैंकले नेपालमा वित्तीय पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै डिजिटल प्रयोगमा आकर्षण बढ्दै गएको बताएको हो । प्रविधिको प्रयोगअन्तर्गत प्रतिखाता एटीएम प्रयोगकर्ता २०.३५ प्रतिशत, मोबाइल बैंकिङ प्रयोगकर्ता ३२.०३ प्रतिशत र इन्टरनेट बैंकिङ प्रयोगकर्ता ३.८६ प्रतिशत रहेका छन् ।

नेपालमा हालसम्म बैंक तथा वित्त कम्पनीहरुले डेबिट, क्रेडिट र प्रिपेड कार्ड जारी गर्ने अनुमति राष्ट्र बैंकले दिएको छ । जसमा क्रेडिट कार्ड र प्रिपेड कार्ड भने वाणिज्य बैंकले मात्र जारी गर्न पाउँछ । राष्ट्र बैंकले पनि नगदबाट हुने कारोबारलाई न्यून गर्दै डिजिटल कारोबारलाई बढाउन प्रोत्साहन गर्दै आएको छ ।

### बैंकिङ....

उजुरी गर्ने भन्दा पनि त्यस्ता सञ्चारमाध्यमका सञ्चालकलाई बोलाएर समझदारी गर्ने गरिएको छ । यो क्रमले पनि सच्चा पत्रकार र राम्रो लेख्ने सञ्चारमाध्यमलाई निरुत्साहित हुने र मनपरी लेख्ने पत्रकारहरुलाई प्रोत्साहित हुने अवस्था सिर्जना भएको छ । यो विषय सम्बन्धित बैंकले पनि ध्यान दिनुपर्छ । आफू विरुद्ध लेखिएका समाचारहरु गलत समाचार छन् भने सम्बन्धित निकायमा उजुरी दिने र त्यो समाचार सहि नै हो भने बैंकहरुले त्यसबाट पाठ सिक्दै भएका कमीकमजोरीहरु सुधार्नुपर्छ । केही सिमित सञ्चारमाध्यमहरुले गरेका कमजोरीका कारण समग्र सञ्चारमाध्यमको बद्नाम हुनसक्ने भएकाले पनि व्यवसायिक रुपमा सञ्चालन भइरहेका सञ्चारमाध्यमहरुले पनि यस विषयमा ध्यान दिनुपर्छ । पछिल्लो समयमा अनलाइन पत्रकारिता मूलधारको पत्रकारिताको रूपमा विकास भएको छ । यस्तो अवस्थामा अनलाइन सञ्चारमाध्यमहरु व्यवसायिक र विश्वसनीय बन्न जरुरी रहेको छ । अहिले अनलाइन पत्रकारिता मूलधारको पत्रकारिता बनेको छ तर यसको संख्या बढ्यो गुणस्तर भने बढ्न सकेन, सबै होइन केही केही अनलाइनहरु खराब नियतका समेत छन् । गलत मनसायले लेखिने समाचार र समाचार जन्य सामाग्रीलाई निरुत्साहित गर्दै अघि बढ्ने हो भने बैंकिङ क्षेत्र र सञ्चारमाध्यको सम्बन्ध सधैं सुमधुर रहन्छ । यी दुई क्षेत्रहरु एकले अर्कालाई सहयोगीको रुपमा अघि बढाउन सक्छन् । अझै विकट क्षेत्रका गाउँका कुनाकन्दारामा वित्तीय पहुँच पुगिनसकेको अवस्था छ । सञ्चारमाध्यमको सहयोग लिएर गाउँका कुनामा पनि बैंकिङ शिक्षाबारे बुझाउन बैंकले सञ्चारमाध्यहरुको सहयोग लिएर पुर्याउन सकिन्छ । अहिले देशमा जसरी वित्तीय पहुँचको वृद्धि भइरहेको छ त्यसलाई अझ व्यापक बनाउन, बैंक के हो भन्ने विषयमा बुझाउनका लागि सञ्चारमाध्यमहरुले भूमिका खेल्नुपर्छ । सञ्चार माध्यम र बैंकिङ क्षेत्र भनेको एक अर्काको सहयोगीको रुपमा अघि बढ्नुपर्छ । सञ्चारमाध्यमहरु पनि मर्यादित हुने आचारसंहिता पालना गर्ने र बैंकिङ क्षेत्रले पनि राम्रो गर्ने, कमीकमजोरी देखाइदिने सञ्चारमाध्यमहरुलाई प्रोत्साहन गर्ने नीति लिने हो भने अहिले यी दुई क्षेत्रहरुबीच जुन सम्बन्ध छ, त्यो भन्दा थप प्रगाढ सम्बन्ध बन्ने छ ।

acharyaroyal87@gmail.com

### नियमन.....

एसियामा १६ करोड क्रिप्टोकरेन्सी प्रयोगकर्ता छन् । सबैभन्दा धेरै क्रिप्टो प्रयोगकर्ता युरोपमा रहेको छ । युरोपमा तीन करोड ८० लाख क्रिप्टो प्रयोगकर्ता रहेका छन् । त्यसैगरी अफ्रिकी क्षेत्रमा तीन करोड २० लाख, उत्तर अमेरिकामा दुई करोड ८० लाख, दक्षिण अमेरिकामा दुई करोड ४० लाख र ओसियनिया (अन्टार्टिका) महादेशमा १० लाख प्रयोगकर्ता रहेका छन् ।

विश्वभरका प्रयोगकर्तामध्ये ७९ प्रतिशत पुरुष र २१ प्रतिशत महिला रहेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै ५८ प्रतिशत प्रयोगकर्ता ३४ वर्षभन्दा कम उमेरका रहेका छन् । विश्वभरका कूल प्रयोगकर्तामध्ये ८२ प्रतिशत लगानीकर्ता स्नातक उत्तीर्ण छन् ।

### राष्ट्र बैंकको असहमति

नेपाल राष्ट्र बैंकले क्रिप्टोकरेन्सीलाई कानुनी मान्यता दिएको छैन । सन् २०१७ मा राष्ट्र बैंकले नियम जारी गर्दै यो गैरकानुनी भएको जनाएको थियो । नेपाल राष्ट्र बैंकले ऐन २०५८ र वैदेशिक विनिमय नियमित गर्ने ऐन '२०१९ का अनुसार' क्रिप्टोकरेन्सी मुद्रा नभएको साथै यसको डिजिटल कारोबार तथा विनिमय अवैधानिक रहेको हुँदा यसको प्रयोग गरी कारोवार गर्न रोक लगाइएको छ । हालै पनि नेपाल राष्ट्रले क्रिप्टोकरेन्सी र नेटवर्क मार्केटिङका सबै कारोबार गैरकानुनी भन्दै संलग्नता भेटिए कारबाही गर्ने जनाएको छ ।

राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले एक सूचना जारी गर्दै नेपालमा विदेशी विनिमय वा मुद्राका रुपमा भर्चुअल करेन्सी वा क्रिप्टोकरेन्सीले कानुनी मान्यता नपाएकोले यसको कारोबारमा संलग्नहरुलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने चेतावनी दिएको छ ।

### के हो क्रिप्टोकरेन्सी ?

'क्रिप्टोकरेन्सी' दुईवटा अंग्रेजी शब्द मिलेर बनेको छ 'क्रिप्टो' अर्थात् गुप्त र 'करेन्सी' अर्थात् मुद्रा । सामान्य अर्थमा क्रिप्टोकरेन्सी गुप्त मुद्रा हो । यो इन्टरनेटमा चल्ने एक 'भर्चुअल' मुद्रा हो ।

यो एउटा त्यस्तो मुद्रा हो जुन कम्प्युटर एल्गोरिदममा निर्मित हुन्छ । यो एक स्वतन्त्र मुद्रा हो जसका कुनै मालिक छैनन् र एकाधिकारको नियन्त्रणमा पनि छैन । रुपैयाँ, डलर, युरो वा अन्य मुद्राजस्तै यो कुनै पनि राज्य, देश, संस्था वा सरकारद्वारा सञ्चालित हुँदैन । यो एक डिजिटल मुद्रा हो जसका लागि क्रिप्टोग्राफीको प्रयोग गरिन्छ । सामान्यतया, सामान किन्न वा सेवाका लागि यसको प्रयोग गर्न सकिन्छ ।

क्रिप्टोकरेन्सीको नाफा उच्च छ, अनलाइन किनबेचले गर्दा लेनदेन गर्न पनि सजिलो छ । क्रिप्टोकरेन्सीको कुनै नियामक निकाय छैन, त्यसैले नोसेट परिवर्तन वा मुद्रा अवमूल्यनजस्ता सर्तले यसलाई असर गर्दैन । जब २००९ मा बिटक्वइन सुरु गरिएको थियो त्यसवेला यसको मूल्य शून्य डलर थियो । २०१० मा पनि यसको मूल्य १ डलरसम्म पनि पुग्न सकेन तर आज बिटक्वइनको मूल्य ४४ हजार डलरभन्दा माथि पुगिसकेको छ ।

क्रिप्टोकरेन्सीमध्ये सबैभन्दा बढी कीर्तिमान राखेर बजार तताउने बिटक्वाइन लोकप्रिय छ । बिटक्वइनबाहेक विश्वमा सयौं अन्य क्रिप्टोकरेन्सी छन् । रेड क्वइन, सिया क्वइन, सिस क्वइन, भ्वाइस क्वइन, इथिरियम, रिपल, लिटक्वइन र मोनेरो यसका उदाहरण हुन् ।

हाल विश्वका नौ देशले यसलाई प्रतिबन्ध लगाएका छन् । ती देशमध्ये नेपाल पनि एक हो । नेपालसँगै चीन, अल्जेरिया, बंगलादेश, इजिप्ट, इराक, मोरोक्को, कतार र ट्युनासियामा पनि क्रिप्टोकरेन्सी प्रतिबन्धित छ । विकासोन्मुख राष्ट्रहरूमा क्रिप्टोकरेन्सीलाई भविष्यको मुद्रा भनी परिचय दिँदै गर्दा अन्तर्राष्ट्रिय बजारमा भने क्रिप्टोकरेन्सी वर्तमानको आवश्यकता बनेको छ । युरोप तथा अमेरिका र छिमेकी मुलुक भारतमा पनि यसको लगानी र कारोबार फैलिरहँदा नेपालमा भने कानूनतः यो अवैधानिक छ । क्रिप्टोकरेन्सी विश्वव्यापी रूपमा उद्योगका रूपमा विकास भइरहेकाले नेपालमा यसलाई पूर्ण रूपमा प्रतिबन्ध लगाउनु उचित नहुने जानकारहरू बताउँछन् ।

नेपालमा ब्लकचेनको सम्भावनाबारे अध्ययन गर्दै आएका व्यवसायी ज्ञानेन्द्र खड्काले क्रिप्टोकरेन्सीले राज्यलाई प्रदान गर्ने अवसरहरूबारे पनि अध्ययन हुन आवश्यक रहेको बताउँछन् । उनी भन्छन्, 'भर्चूअल करेन्सीका सकारात्मक पाटोको अध्ययन र यसको नाममा भइरहेको ठगी रोक्न र यसलाई नियमन गर्न कानुनी आधार बनाउनुपर्ने देखिन्छ ।'

### नेपालको ....

प्रयोजनकालागि गरेको सुगौली सन्धी र हडपेको भूमि उसको प्रयोजन सकिएपछि निशर्त समाप्त हुनुपर्ने र भूमि नेपालकै अधिनमा आउनु पर्ने हो । संसारका अन्य देशहरुमात्र हैन एसियाका चीन लगायतका देशहरुमा पनि यस्तै भएको छ । अर्को पक्ष हामी केहीले गौरव गरेर बोले झै त्यहीबेलादेखि स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न छैनौं । जुन नेपालको हरेक ठूला आपत्ति, परिवर्तन र प्रसंगहरुमा देखिएका छन् । अर्को महत्वपूर्ण पक्ष नेपालको आर्थिक अउन्नत्ति, गरीबी र बैदेशिक रोजगारीको सुरुवात पनि यसै समयदेखि भएको हो । किनभने हामी बैदेशिक सम्बन्धबाट नाकाबन्दीमा परेका थियौं । यसलाई सुधार्ने र परिवर्तन गर्ने प्रयास जंगबहादुर, चन्द्रशम्शेर र राजा महेन्द्रले बिभिन्न माध्यमबाट गरेका थिए ।

मैले पञ्चायत कालमानै कुनै परीक्षामा जंगबहादुरलाई आफ्नो समयको युग पुरुष भनेर लेखिदिए । मेरा शिक्षकले जहानीया राणा शासकको जग बनाउने जंगबहादुरलाई युग पुरुष भनी सकारात्मक लेख्न पाइदैन भनी सम्झाउनु भयो तर म परिवर्तन हुन सकिन । किनभने नेपालको तत्कालीन आर्थिक, राजनैतिक र अन्तरार्ष्ट्रिय परिदृश्यमा उनले सत्ता कब्जा नगरेको भए आजसम्म नेपाल र नेपाली भन्ने अवस्था हुन्थ्यो हुन्थ्येन यसका धेरै पक्षहरु छन् । यहाँ उनले अंग्रेजसँग गरेको सहकार्य सत्ता जोगाउन भन्दा पनि देश जोगाउन परिपूरक भयो भन्ने लाग्छ । उनको कूटनीतिमा राष्ट्रियता थियो भन्ने देखिन्छ । यहाँ उनले इतिहासबाट पाठ सिकेका छन् । सुगौली सन्धीमा बाधिएको नेपाललाई भारतीय राज्य रजौटाको श्रेणीबाट हटाएका छन् नेपाल देश हो भन्ने पहिचान गराएका छन् । धेरै कुरा हैन बेलायत भ्रमण, नयाँ मुलुक प्राप्ति, मुलुकी ऐन जस्ता अनेकौं उदाहरणहरु छन् । कूटनीतिको एउटा उदाहरण सुगौली सन्धी अनुरुप नेपाली बिदेशीका लागि लड्न अग्रेज सेनामा भर्तीहुन जान रोक्न सकिने स्थिति थिएन । तर त्यसलाई कमजोर बनाउन उनीहरुले थाहानपाउने गरी नेपाली सेनालाई नेपाल प्रवेशमा सेनाको वर्दी पहिरन नदिनु र नेपाल प्रवेश गर्दा सीमामानै गौदान गर्न लगाउनु विविध तरिका र उपयले जनमानसको मानसिक सोचमा परिवर्तन ल्याउन गरिएको परिपञ्च हो । बाहिर फुका देखिएपनि आन्तरिक रुपमा धेरै कसिकसाउ नीति नियम थिए । त्यस्तै नेपालको छुट्टै पहिचानको लागि चन्द्रशम्शेरले पनि काम गरे ।

आधुनिक नेपाल निर्माण र वर्तमान नेपालको यो स्वरुप तयार पार्ने काम राजा महेन्द्रले गरेका हुन् । भारतीय सहयोगमा राजा, राणा र नेपाली काँग्रेसको सम्झौता र नेपालको प्रजातन्त्र स्थापनाका धेरै कमजोर पक्षहरु छन् । नेपालको राजनीति र दरबारमा भारतीय कर्मचारी र सहयोगीहरु खुलेयाम थिए । राणा र कांग्रेसभित्रको खिचलो, भारतीय सत्तापक्ष र बिपक्षको संलग्नता अनि राजपरिवारको चाहना भिन्न भिन्न हुनाले हामी कुन तन्त्रमा थियौं भन्ने लाग्दछ । तर राजा महेन्द्र यी सब कुराबाट भिन्न राष्ट्रप्रेमी राजा बने । उनले लिएको अन्तर्राष्ट्रि अडान, नेपाल भूमिमा गरिएको सामाजिक, धार्मिक, सांस्कृति र आर्थिक बिकेन्द्रीकरण र एकीकरणका करणले सबैलाई नेपाली बनाएको छ । नेपाललाई आजको युगमा देखिने बनायो । उनको शासनको छोटो अवधिमा उनले गरेका काम र नीतिले नै पञ्चायतलाई करिब तीस वर्ष टिकायो । उनी पछिका राजा र नेताहरु यस मामलामा पूर्णत योग्य ठहरिएनन् । पञ्चायतलाई बदनाम उन्मुख बनाए । पञ्चायतले त्यसमा खासै कुनै नयाँ खाका बनाएन मात्र हैन त्यसलाई समय सार्न्दभिक परिवर्तन र परिमार्जन पनि गरेन । त्यही गाउफर्क अभियानको नक्कलले एसियाका र केही अन्य मुलुकहरुले देशलाई अगाडि बढाए । नेपालमा त्यसलाई संकुचित बनाउदै संम्वैधानिक अंग बनाएर नेपाली र गैर नेपाली तोक्नेसम्म बनाइयो । जुन रोग दलहरुमा अहिलेसम्म पनि छ । बि.सं. २०४६ सालको परिवर्तनले धेरै कुरा उदाङ्गो पार्‍यो । विश्व राजनीति र परिवर्तनमा नेपालको वास्तविक चित्रण भयो । जहाँ हामी धेरै पछाडिनै रहेछौ भन्ने देखायो । किनभने हामीले पढेको र हामीलाई बुझाइएको इतिहासका कतिपय कुराहरु धेरैहदसम्म गलत रहेछ । हामीले पृथ्वी नारायण शाहदेखि महेन्द्रसम्मको धेरै कथित इतिहास लेखेछौं र पढेछौं । जसको निस्वर्थ अध्ययन, अनुसन्धान र विश्लेषण गरेर इतिहासबाट केही सिकेनछौं । त्यसका राम्रा र नराम्रा पक्षलाई गोलमोटल बनाएर आफ्नो इतिहास आफैको स्वभिमान र पहिचान हो भन्ने नठानेर इतिहासलाई गौरवको बिषय नभएको ठान्ने भएछौं । जसका कारण हामी अरु जटिलताका दिनहरु भेग्दै छौं । नेपाल भित्र नेपालीलाई गृहयुद्धको धुमरीमा धकेन्ल केहीको प्रयासमा हामी उन्मुख भैरहेछौं । सम्भवत यस्तै बिकल्पहरुले हामीलाई धेरिरहेको छ जस्तो लाग्दछ । नेपालमा भएका अधिकांश आन्दोलन र परिवर्तनहरु पूर्ण गति लिन नपाउदै सम्झौतामा सकिएका छन् र हामी पूर्ण परिवर्तन बिहीन बनिरहेका छौं । वास्तवमा नेपाल र नेपालीको लागि पूर्ण क्रान्ती र योग्य राष्ट्रप्रेमी राजनेता आउनै पो बाकी हो कि भन्ने लाग्दछ ।

### उल्टो....

५ पुस २०७७ मा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि प्रदेश सरकार अस्थिर र बिकृत बन्न पुगेको थियो ।

२०७४ को चुनावमा एमाले र माओवादी केन्द्र गठबन्धनलाई पाँच वर्ष स्थीर सरकार चलाउने जनमत प्राप्त भएको थियो । पछि एमाले र माओवादी केन्द्रबीच एकता भयो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बन्यो । तर नेकपाको एकता कायम हुन नसक्दा परिवर्तित व्यवस्था कार्यान्वयनप्रति आशंका उत्पन्न हुने परिस्थिति निर्माण भयो । विशेषगरी संघीयता कार्यान्वयन र स्थीर सरकारप्रति सन्देश देखिएको छ । जबकी मुलुकलाई चाहिएको तत्कारो विषय नै यी दुई हुन् । मुलुकले खेपेको कोरोना महामारीका बेला पनि संघीयता र स्थीर सरकारको बढी खाँचो देखिएको थियो ।

### प्रशंसामै सीमित

विश्वव्यापी कोरोना महामारी नेपाल भित्रिरहँदा आवश्यक संरचना मुलुकमा थिएन । महामारीको त्रासले नागरिक प्रताडित थियो । आइसोलेसन, क्वारेन्टिनदेखि स्वास्थ्य उपचारमा अभाव खड्किएको थियो । तर संविधान बमोजिम बनेको स्थानीय सरकारले नागरिकको जीवनरक्षामा ठोस् कदम चाले । संघीय सरकारले गर्न नसकेको काम स्थानीय सरकारले गरेको थियो । नागरिकलाई रोग र भोकको भयबाट बचाउन जनप्रतिनिधिहरु सक्रिय भए । हरेक जसो स्थानीय सरकारले अस्थायी क्वारेन्टिन बनाए । न्यून आय भएकालाई आर्थिक सहयोगदेखि उपचारका निम्ति आवश्यक प्रबन्ध गरे । स्थानीय सरकार जनतालाई राज्यको अनुभूति दिलाउने संयन्त्र बन्यो । राजनीतिक नेतृत्व, नागरिक अगुवा, समाजशास्त्रीहरुले स्थानीय सरकारको खुलेरै प्रशंसा गरे । तर स्थानीय सरकार बलियो बनाउनतिर भने नेतृत्वको ध्यान पुगेन । कतिपय कानून जनताको सरकार कमजोर बनाउनेगरी बनाइयो । पुरानै शासकीय संरचना (प्रमुख जिल्ला अधिकारी) को शासन स्थापित हुनेगरी कानूनहरु बनाइए भने संकटका बेला उनीहरुलाई नै अधिकार सम्पन्न बनाइयो । कतिसम्म भने जनप्रतिनिधिहरुले नागरिकको जीवनरक्षाका निम्ति आवश्यक काम समेत प्रमुख जिल्ला अधिकारीको अनुमति बिना गर्न नसकिने व्यवस्था गरियो ।

जबकी संविधानको भावना र मर्म भने नागरिकलाई संघीयताको अनुभूति दिलाउन स्थानीय सरकारलाई बलियो हुनुपर्ने हो । तर संविधानसँग बाझिनेगरी जनप्रतिनिधिलाई पक्राउ गर्नेसम्मको अधिकार प्जिअलाई दिइयो । अर्थात्, मुलुकले महामारीको संकट खेपिरहँदा नेतृत्व भने उल्टो यात्रामा निस्कियो । नागरिकको सुशासन, समृद्धि र सुविधाको चाहना भन्दा सत्ताको स्वाद सर्वोपरी मान्दै सिंहदरबार बलियो बनाउनेमा नेतृत्वको प्राथमिकता देखियो । यसले नागरिकलाई कमजोर बनाउने र शासक मोटाउने पुरानै संरचनामा अडिने नेताहरुको मनोविज्ञान लुकेन ।

घर नक्शा पास नगरी कुनैपनि नयाँ घर तथा भौतिक संरचना निर्माण नगरीदिन हुन र नक्शा पास मापदण्ड लागू हुनुपुर्व बनेका घरको अभिलेखीकरण गराउन हुन सम्पूर्ण देवघाट वासीहरुमा अनुरोध छ ।
साथै मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको १९ औं वार्षिकोत्सवका अवसरमा शुभकामना ब्यक्त गर्दछौं ।
दुर्ग बहादुर थापा
अध्यक्ष
बिमला थापा
उपाध्यक्ष
रमेश सुवेदी
प्रमुख प्रशासकिय अधिकृत
एवं
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट तनहुँ, गण्डकी प्रदेश, नेपाल ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक
१९ औं
वार्षिकोत्सव
मध्यान्ह राष्ट्रिय दैनिकले आफ्नो प्रकाशनको १९ वर्ष पुरा गरी २० औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
SUMERU GROUP
सुमेरू ग्रुप अफ अर्गनाइजेसन, परिवार
SUMERU HOSPITAL
SUMERU City Hospital
Promoted By Sumeru Group
Sumeru Medical College
SUMERU Money Exchange
SUMERU
SUMERU Printing House
सुमेरु अस्पताल धापाखेल, ललितपुर, फोन: ०१-५००३३७७, ५००३३८८
सुमेरु सिटी अस्पताल पुल्चोक (दमकलमोड) ललितपुर, फोन: ०१-५५३४४४४, ५५५२३५५
Asian College For Advance Studies (Acas) Satdobato, Lalitpur, Nepal | Phone No: 01-5540183, 2230359

राजश्व महाशाखाको अनुरोध
महानगर क्षेत्र भित्रका घरजग्गा, व्यवसाय, सवारी, मनोरञ्जन, बहाल करहरु का.म.पा. वडा कार्यालयहरुमा समयमै बुझाऔं । थप शुल्क तथा जरिवानाबाट बचौं ।
काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

कोभिड १९ का कुनै पनि लक्षण देखिने बितिकै आइसोलेसनमा बसौ कोरोनाबाट आफु पनि सुरक्षित रहौं, अरुलाई पनि सुरक्षित राखौं ।
साथै मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको १९ औं वार्षिकोत्सवको अवसरमा शुभकामनाब्यक्त गर्दछौं ।
ठाकुर प्रसाद ढकाल
नगरप्रमुख
तारा कुमारी काजी महतो
नगर उपप्रमुख
पुष्पराज ढकाल
प्रमुख प्रशासकिय अधिकृत
एवं
माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माडी, चितवन, बागमती प्रदेश, नेपाल ।

कोभिड १९ का कुनै पनि लक्षण देखिने बितिकै आइसोलेसनमा बसौ कोरोनाबाट आफु पनि सुरक्षित रहौं, अरुलाई पनि सुरक्षित राखौं ।
साथै मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको १९ औं वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्दछौं ।
गिता कुमारी गुरुङ
अध्यक्ष
कृति कुमार श्रेष्ठ
उपाध्यक्ष
शालिकराम बस्याल
प्रमुख प्रशासकीय अधिकृत
एवं
इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन, बागमती प्रदेश, नेपाल ।